नेपाल सरकार

# शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय

सिंहदरबार,
काठमाडौं, नेपाल ।

पत्र संख्याः-
चलानी नं.:-

(छाप: नेपाल सरकार, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, सिंहदरबार, काठमाडौं, नेपाल)

मितिः २०८२/१२/१८

## प्रेस विज्ञप्ति ।

विभिन्न सामाजिक सञ्जालमा यस मन्त्रालयको नाम उल्लेख गरी शैक्षिक संस्थाहरूमा साप्ताहिक बिदासम्बन्धी अत्यन्त जरुरी सूचना भनी मिति २०८२/१२/१७ गतेको मिति उल्लेख गरी प्रवाह भएको सूचनाका सम्बन्धमा यस मन्त्रालयको गम्भीर ध्यानाकर्षण भएको छ । शैक्षिक संस्थाहरू प्रत्येक हप्ताको शनिबार र आइतबार दुई दिन पूर्ण रूपमा बन्द हुने भनी मन्त्रालयको निर्णय, कारण र उद्देश्यसमेत उल्लेख गरी प्रकाशन भएको कपोलकल्पित र भ्रामक सूचनामा कुनै सत्यता नभएको बेहोरा सम्बन्धित सबै शैक्षिक संस्था तथा आम सरोकारवालाहरूमा अनुरोध छ ।

यस्तो भ्रामक एवम् मिथ्या सूचना सम्प्रेषण गर्ने र सरकारी कागजात, छाप एवम् दस्तखतको दुरुपयोग गरी गलत सन्देश प्रवाह गर्ने व्यक्ति पहिचान गरी प्रचलित कानुन बमोजिम कारबाहीको दायरामा ल्याउन समेत सम्बन्धित निकायलाई अनुरोध गरिन्छ ।

शिवकुमार सापकोटा
सहसचिव एवम् प्रवक्ता

फोन नं.:
वेबसाइटः www.moest.gov.np